# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## खरिद एकाई

काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८०/८१ | मितिः २०८०।०५।११
चलानी नं.: ३३

**श्री विभाग/एकाई/सचिवालय/कार्यक्रम/वडा कार्यालयहरू सबै,**
काठमाडौं महानगरपालिका ।

विषयः <u>बोलपत्र मूल्याङ्कन सम्बन्धमा</u> ।

उपरोक्त विषयमा काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ बमोजिम खरिदका प्रकार अनुसार काठमाडौं महानगरपालिका अन्तर्गत १ (एक) भन्दा वढी बोलपत्र मूल्याङ्कन समिति गठन भई परामर्श सेवा, अन्य सेवा, मालसामान तथा निर्माण कार्यको प्रस्ताव तथा वोलपत्रहरू मुल्याङ्कन भइरहेको छ । काठमाडौं महानगरपालिकाबाट प्रवाह हुने सेवा र विकास निर्माण कार्यलाई थप प्रभावकारी बनाउन खरिद कार्य तोकिएको समय सीमाभित्र छिटो छरितो ढंगले सम्पादन गर्नुपर्ने भएकोले तहाँबाट प्रस्ताव तथा बोलपत्र खोलेपछि विड वण्ड बैंक जमानत राखेको भए सो Verify गरी Bid response document को Soft Copy सहित फाइल सम्बन्धित बोलपत्र मूल्याङ्कन समितिमा यथासक्य चाँडै पठाउने व्यवस्था मिलाउनुहुन अनुरोध गर्दछु ।

२०८०।०५।११
(नमराज ढकाल)
प्रमुख

<u>बोधार्थः</u>
श्रीमान् प्रमुखज्यू,
श्रीमान् उप-प्रमुखज्यू,
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
श्री बोलपत्र मूल्याङ्कन समितिहरू सबै,
श्री सूचना प्रविधि विभागः पत्र का.म.पा. को वेभसाइटमा अपलोड गरिदिनुहुन ।
काठमाडौं महानगरपालिका ।

पो.व.नं. ८४१६ काठमाडौं प्लाजा, काठमाडौं, नेपाल। फोन नं. : ०९७७-१-४२२५६३९ ।
इमेल : procurement@kathmandu.gov.np, वेभसाइटः Website :www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालयको
# सूचना

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ को उपनियम ३ मा रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताले खरिद सम्झौता बमोजिम कार्य गरेको कागजात सम्वन्धित अधिकारीमा पेश गरेको ३० (तीस) दिन भित्र स्वीकृत गरी सोहि अवधि भित्र भुक्तानी गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ। साथै सोहि नियमावलीको नियम १२६ को उपनियम २ मा निर्माण व्यवसायीले तोकेको अवधि भित्र कार्य सम्पन्न गर्न नसके वापत दैनिक रुपमा जति रकम क्षतिपूर्ति तिर्नुपर्ने सोही रकम बरावर समय भन्दा अघि कार्य सम्पन्न गरेमा दिन गन्तीको आधारमा पुरस्कार दिन सकिने व्यवस्था छ। उक्त पुरस्कार रकम कूल सम्झौता रकमको दश प्रतिशत भन्दा बढि हुने छैन भन्ने समेत व्यवस्था रहेको छ। काठमाडौं महानगरपालिकासंग सम्झौता गरी तोकेको गुणस्तर बमोजिम कार्य सम्पन्न गरी भुक्तानी पाउन नियमानुसार पेश गर्नु पर्ने कागजात साथमा सम्वन्धित प्राविधिकवाट भुक्तानी सिफारिस भई आएका निर्माण व्यवसायीहरुलाई समयमा भुक्तानी दिईने कानूनले सुनिश्चितता गरेको छ। सो सम्वन्धमा कुनै गुनासो भएमा फोन नम्वर ९८६१२८२१७७, मा सम्पर्क गर्न सकिनेछ।